ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक १३६
७ फागुन २०७९ आइतवार
19 Feb. 2023, Sunday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-
सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक
ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# दलित सशक्तीकरण ऐन कागजमै सीमित




**खबर दर्पण समाचारदाता**
**फागुन ६ गते, महेन्द्रनगर**

मधेस प्रदेश सरकारले दलित समुदायको उत्थान गर्न दलित सशक्तीकरण ऐन जारी गरेको तीन वर्ष नाघेको छ। ऐनले दलित समुदायलाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपले सबल बनाउन रासन कार्ड, स्वास्थ्य बिमा र दलित विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने निर्दिष्ट गरेको छ ।

तर, ऐन कार्यान्वयन नहुँदा प्रदेश सरकारबाट पाउने सेवासुविधाबाट दलित समुदाय वञ्चित छन् ।

ऐनमा वैकल्पिक शिक्षाको व्यवस्था, दलित विद्यार्थीलाई मासिक निर्वाह भत्ता दिने उल्लेख छ ।

ऐनमा मुख्यमन्त्रीको अध्यक्षतामा जातीय विभेद तथा छुवाछूत अनुगमन समिति, स्थानीय तहमा जातीय विभेद तथा छुवाछूत अनुगमन समिति, दलित विकास समिति र प्रदेश प्रहरी कार्यालयमा जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाइ स्थापना गर्ने उल्लेख छ । प्रदेश सरकारले 'दलित सशक्तीकरण ऐन २०७६' जारी गरेको थियो ।

ऐन निर्माणमा भूमिका निर्वाह गरेका पूर्वप्रदेश सांसद चमेलीदेवी दासले ऐन कार्यान्वयन नहुँदा दलित समुदाय अधिकारबाट वञ्चित भएको बताइन् । दलित विद्यार्थीले पाउनुपर्ने छात्रवृत्ति, निःशुल्क शिक्षा, मासिक निर्वाह भत्ता र दलित समुदायलाई हुने निःशुल्क स्वास्थ्य बिमा रोकिएको छ ।

ऐन निर्माणमा सहभागी अर्का पूर्वप्रदेश सांसद सुरेश मण्डलले मुख्यमन्त्री र मन्त्रीको अध्यक्षतामा रहेको समितिको बैठक नियमित बस्न नसक्नु र समितिमा रहेका गैरदलित सदस्य तथा कर्मचारी गैरजिम्मेवार हुँदा ऐन कार्यान्वयन हुन नसकेको बताए ।

'दलित समुदाय भोजभतेरमा अपमानित हुनुपरेको छ,' पूर्वप्रदेश सांसद मण्डलले भने, 'विद्यालयमा शुल्क बुझाउन नसक्दा दलितका छोराछोरी विद्यालय छोड्न बाध्य हुँदा पनि मुख्यमन्त्री र सामाजिक विकासमन्त्री अध्यक्ष रहेको समितिले कुनै पहल गर्न सकेको छैन ।' दलित विकास समितिमा रहेका गैरदलित कर्मचारीको मनोविज्ञानका कारणले पनि ऐन कार्यान्वयनमा हुन नसकेको उनको ठम्याइ छ । समितिमा कर्मचारी कम हुनु, दलित विकास समितिका सदस्यको सेवासुविधा नहुनु र प्रदेशका दलितको तथ्यांक संकलन नहुनुले ऐन कार्यान्वयनमा नआएको उल्लेख गर्छन् ।अधिकारकर्मी राजु पासवानले प्रदेश सरकारले दलित सशक्तीकरण ऐन बनाएर उपलब्धि प्राप्त गरेको दाबी गरे पनि कार्यान्वयनका लागि चुनौती रहेको बताए ।

ऐन बन्दा खुसी भएका दलित समुदाय कार्यान्वयन नहुँदा निराश बनाएको उल्लेख गरे । प्रदेश सरकारले पीडित दलितलाई आर्थिक सहयोग तथा राहत वितरण गरेर मात्रै नहुने उनको बुझाइ छ ।मधेस प्रदेशको ८ जिल्लाका १ सय ३६ स्थानीय तहमा स्थानीय जातीय विभेद तथा छुवाछूत अनुगमन समिति गठन प्रक्रिया प्रभावकारी नभएको दलित विकास समितिका प्रशासकीय अधिकृत दिलीप ठाकुरले बताए । प्रदेशस्तरीय दुई समितिको बैठक नियमित नबस्दा समितिले खासै काम अगाडि बढाउन नसकेको उल्लेख गरे ।

रौतहटका प्राध्यापक देवेन्द्र मिश्रले प्रदेश सरकारले ल्याएको दलित सशक्तीकरण ऐन र नियमावली कर्मकान्डी रहेको बताए । जनमत पार्टीका प्रदेश सांसद सञ्जय यादवले दलितको अधिकारका लागि लडाइँ गर्ने दलले नै अधिकार कार्यान्वयन गर्न पछाडि परेको बताए । दलित सशक्तीकरण ऐन बन्यो तर सरोकार समुदायलाई जानकारी गराउने काम नभएको उनले जनाए । दलित अगुवाको संलग्नतामा स्थानीय तहमा छुवाछूत अनुगमन समिति गठन गरेर कार्यान्वयनमा ल्याउन सकिने यादवले बताए । एमालेकी प्रदेश सांसद शारदादेवी थापाले समावेशी र समानका लागि आन्दोलन गर्ने प्रदेश सरकारबाटै दलित तथा महिलामाथि विभेद भएको बताइन् ।

मधेसका जानकार तुलानारायण साहले अधिकांश दलित गरिब रहेको र आक्कलझुक्कल मात्रै दलित धनी हुने भएकाले जातले पनि वर्ग निर्धारण हुने बताए । 'जातीय संरचनामा दलितलाई पिँधमा राख्ने काम भएको छ,' आर्थिक, राजनीति हिसाबले पनि सीमान्तकृत रहेको उल्लेख गर्दै साहले भने, 'राजनीति आन्दोलनमा सीमान्तकृत समुदायलाई मूलधारमा ल्याउने, समावेशी, समानुपातिक व्यवस्था लित समुदायलाई मूलधारमा ल्याउन दलित सशक्तीकरण ऐन जारी भएर कार्यान्वयन नहुँदा दलितहरू र ाज्यबाट पाउने अधिकारबाट वञ्चित छन ।'

# एमाले मधेशका १० नेतालाई कारबाही, मौलापुरकी मेयर साहको पद धरापमा



**खबर दर्पण समाचारदाता**
**फागुन ६ गते, जनकपुर**

नेकपा एमालेले मधेस प्रदेशका १० जना नेतालाई कारबाही गरेको छ। पार्टी हितविपरीतको गतिविधिमा संलग्न रहेको भन्दै एमाले मधेस प्रदेश समितिको सचिवालय बैठकबाट ती नेताहरुलाई कारबाही गरिएको छ । एमालेले रौतहटको मौलापुर नगरपालिकाकी नगर प्रमुख रिना साहलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरि कारबाही गरेको छ। त्यस्तै प्रदेश समितिका उपाध्यक्ष रेवती पन्तसहित अन्यलाई ३ महिनाका लागि निलम्बन गरेको हो।

आम जनता पार्टीका अध्यक्ष प्रभु साहकी पत्नी समेत रहेकी नगर प्रमुख रिना साहको पद खारेजीका लागि केन्द्रिय समितिलाई सिफारिस गरिएको छ।

३ महिनाका लागि निलम्बित हुनेहरुमा देवाही गोनाही नगरपालिकाका नगरप्रमुख प्रेमलाल साह कानु, प्रदेश सदस्यहरु बसरुद्दिन राइन, सर्लाहीका पार्टी उपसचिव प्रकाश थापा, एमाले पर्साका जिल्ला सदस्यहरु मनोज गुप्ता, जसवन्त यादव, बासुदेव महतो थारु, रामपृत महतो थारु, पर्सा जिल्लाका पूर्वजिल्ला सदस्य मौजेलाल साह कानु लगायतकाहरु रहेको नेकपा एमाले मधेस प्रदेश समितिका प्रचारप्रसार विभाग उपप्रमुख अवधेश कामतले जानकारी दिए।

# विद्यालयको अवस्था बुझ्न गएका युवकमाथी कुटपिट

**खबर दर्पण समाचारदाता**
**फागुन ६ गते, सर्लाही**

सर्लाहीको बरहथवामा विद्यालयको अवस्था बुझ्न गएका एक युवकमाथि कुटपिट गरिएको छ।

बरहथवा नगरपालिका वडा नम्बर १० मा रहेको दुर्गा सरस्वती जनता माध्यमिक विद्यालयको पढाईको अवस्था बुझ्न गएका स्थानीय २१ वर्षिय कृष्णकुमार चौधरीमाथि कुटपिट गरिएको हो।

विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष रामनारायण यादवले चौधरीको टाउकोमाथि कुर्सी प्रहार गर्दा उनको टाउकोमा चोट लागेको छ। उनको टाउकोमा १० वटा टाँका



लगाइएको छ।

घाइते चौधरीले राजनीतिक पूर्वाग्रह राखेर पूर्वअध्यक्ष यादवले आफूमाथि कुटपिट गरेको दाबी गरेका छन्।

यता, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष यादवले चौधरीसँग सामान्य विवाद मात्र भएको बताए। चौधरी विद्यालयमा आएर अनावश्यक विवाद सिर्जना गरेको यादवले बताए।

स्थानीय भने पूर्वअध्यक्ष यादवले विद्यालयमा आफ्नो अड्डा जमाएर बस्ने गरेको गुनासो गरेका छन्।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# भ्रष्टाचारको जालो तोडनैपर्छ

विश्वव्यापी रूपमा आर्थिक रूपले कम विकसित देशलाई हेर्दा भ्रष्टाचार एउटा जटिल समस्याका रूपमा देखा परेको छ । यसको नियन्त्रण गर्नका लागि मुलुकले सम्भव भएसम्मका नीति तथा कानुनसमेत निर्माण गर र अगाडि बढेका देखिन्छन् । नेपालमा पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको सम्बन्धमा अनुसन्धान गर्ने संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना गरिएको छ । तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ र ९८ को व्यवस्थाबाट स्वतन्त्र एवं स्वायत्त संवैधानिक आयोगको मान्यता प्राप्त यो आयोगलाई हालको नेपालको संविधानले पनि भ्रष्टाचार नियन्त्रणमा केन्द्रित भई कार्य गर्ने गरी काम, कर्तव्य र अधिकार प्रदान गरेको छ ।

संविधानको मर्मअनुसार आयोगले दण्डात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिलाई अङ्गीकार गरी कार्यसम्पादन गर्दै आएको जनाएको छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासनमा योगदान दिन आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ एवं अन्य प्रचलित कानुनी व्यवस्थामार्फत मुलुकमा व्याप्त भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न प्रयासरत छन् । अनियमितता, सरकारी स्रोतसाधन दोहन अनि अख्तियारका हजारौँ उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्ने गरेका छन् । यस्ता उजुरीको सङ्ख्यामा बर्सेनि उच्च दरमा वृद्धि भएको देखिन्छ ।

आव २०६२/६३ मा चार हजार ३२४ उजुरी परेको आयोगमा गत वर्ष २०७८-७९ मा कुल २४ हजार ३३१ उजुरी दर्ता भएका थिए। यसैगरी चालू आवको साउनयता मात्रै नौ हजार ५१३ उजुरी आयोगमा दर्ता भएका छन् । यसबाट सजिलै अनुमान लगाउन सकिन्छ कि नेपालमा भ्रष्टाचारजन्य अपराधका घटनामा कमी आएको छैन । अख्तियारको २०७८-७९ को विवरणअनुसार आयोगमा परेका उजुरीमध्ये विस्तृत अनुसन्धानमा लगेर कारबाही गरिएको हिस्सा निकै कम छ । यसैगरी अख्तियारबाट अदालतमा मुद्दा दायर भएको विवरण फैसलासम्म आइपुग्दा अभियुक्त अर्थात् आरोपितको पक्षमा फैसला हुने ग्राफ पनि बढ्दो क्रममा देखिन्छ ।

# चार जनाको नाम अस्वीकार गरेपछि ओलीलाई नै राष्ट्रपति बन्न प्रचण्डको प्रस्ताव

## ईश्वर पोखरेल नै राष्ट्रपति हुनुपर्ने ओलीको अडान

**खबर दर्पण समाचारदाता**

**फागुन ६ गते, महेन्द्रनगर**

पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई राष्ट्रपति बनाउने एमाले अध्यक्ष केपी शर्मा ओलीको निरन्तरको अडानपछि एमाले-माओवादी केन्द्रसहितको सत्ता गठबन्धन धरापमा परेको छ।



पोखरेललाई राष्ट्रपति बनाउने विषयमा ओलीको निरन्तरको अडानपछि प्रधानमन्त्री प्रचण्ड एमालेसँगको गठबन्धन लामो अवधि नजाने निष्कर्षमा पुगेका छन्। स्रोतका अनुसार सभामुख र राष्ट्रपति एमालेले पाउने समझदारी भएयता ओलीले पोखरेललाई पार्टीले राष्ट्रपति उम्मेदवार बनाउने र १० पुसको सहमति अनुसार माओवादीले पनि समर्थन गर्नुपर्ने बताउँदै आएका छन्। तर, प्रचण्ड कुनै हालतमा पनि पोखरेललाई राष्ट्रपति स्वीकार गर्न तयार देखिँदैनन्।

एमाले-माओवादीबीच एकता भई निर्माण भएको 'नेकपा' विभाजित हुनुका एक कारक पोखरेल पनि मानिन्छन्। 'नेकपा' ले दुई अध्यक्षीय प्रणालीको व्यवस्था गरे पनि उनले अध्यक्षमा प्रचण्डलाई स्वीकार गर्न नसकिने बताउने गरेका थिए। प्रधानमन्त्रीका लागि ओली-प्रचण्डबीच भएको आलोपालो सहमतिको पनि पोखरेलले विरोध गरेका थिए।

अहिले ओलीले उनको नाम राष्ट्रपतिमा लिँदा सायद प्रचण्ड त्यही सम्झेर झस्किइरहेका छन्।

'राष्ट्रपतिमा ओलीले ईश्वर पोखरेलबाहेक अरु कसैको नाम नै सुन्न चाहेका छैनन्, पोखरेल नै राष्ट्रपति हुनुपर्छ भन्ने उहाँको एकोहोरो अडान छ,' माओवादीका एक शीर्ष नेताले नेपालखबरसँग भने, 'ओलीसँग पटक-पटक भएका वार्तामा प्रचण्डले पोखरेलको विकल्पमा एमालेबाटै विभिन्न नामहरु प्रस्तुत गर्नुभएको छ। तर, ओली ती नाम सुन्न तयार छैनन्।'

ती नेताका भनाइमा पोखरेललाई राष्ट्रपति स्वीकार गर्न नसकिने स्पष्ट जवाफ प्रचण्डले धेरैअघि नै दिएका हुन्। तर, स्पष्ट जवाफका बाबजुद ओलीले प्रत्येक भेटमा राष्ट्रपति उम्मेदवार पोखरेललाई नै स्वीकार गर्न दबाब दिइरहेका छन्।

'राष्ट्रपतिका लागि एमालेबाट सुवास नेम्वाङको चर्चा हुँदै आएको हो, तर ओली नेम्वाङलाई समेत राष्ट्रपति बनाउन चाहँदा रहेनछन्,' प्रचण्ड-ओलीबीच हुने कुराकानीबारे जानकार ती नेताले भने, 'प्रचण्डले नेम्वाङको नाम लिँदा ओली भन्दा रहेछन्- एमालेले पोखरेललाई नै उम्मेदवार बनाउँछ र १० पुसको सहमति अनुसार माओवादीले पनि पोखरेललाई स्वीकार गर्नुपर्छ।'

जानकारी अनुसार नेम्वाङलाई राष्ट्रपति बनाउनेमा ओली असहमत देखिएपछि प्रचण्डले एमालेका अन्य केही नेताको नाम ओलीसमक्ष प्रस्तुत गरेका छन्। तर, प्रचण्डले सुझावका रुपमा प्रस्तुत गरेका ती नेताको नाम ओलीले स्वीकार गरेका छैनन्।

भावी राष्ट्रपतिका लागि प्रचण्डले सुझावका रुपमा पेस गरेका एमालेका नेताहरुमा अमृत बोहोरा, अष्टलक्ष्मी शाक्य र युवराज ज्ञवाली छन्। ती नेताले थपे, 'तर, यी नेताहरुलाई पनि राष्ट्रपतिको उम्मेदवार बनाउन ओली तयार देखिँदैनन्।'

विभाजनपूर्व एमालेभित्रको अन्तर्द्वन्द्वमा बोहोरा, शाक्य र ज्ञवाली तीनैजना माधव नेपाल निकटस्थ थिए। अघिल्लो वर्ष एमाले विभाजन हुनुअघिसम्म उनीहरुले अन्तिमसम्म नेपाललाई साथ दिँदै आएका थिए। तर, जब नेपालले पार्टी विभाजन गरी नेकपा (एकीकृत समाजवादी) गठन गरे, त्यसपछि उनीहरु नेपाललाई छाडी ओली नेतृत्वको एमालेमै रहे।

एमाले विभाजनअघि नेपाल निकट भएकाले बोहोरा, शाक्य र ज्ञवालीलाई राष्ट्रपति उम्मेदवार बनाउन ओली तयार नहुनुलाई प्रचण्डले पनि स्वभाविकै मानेका छन्। तर, नेम्वाङलाई समेत राष्ट्रपति उम्मेदवार बनाउन ओली तयार नदेखिएपछि प्रचण्ड झस्केका छन्।

'प्रष्ट छ- बोहोरा, शाक्य र ज्ञवाली ओलीको पकेटका नेता होइनन्, आफ्नो दबाबभन्दा स्वविवेकका आधारमा निर्णय गर्ने भएकाले ओलीले उनीहरुलाई उम्मेदवार बनाउन नचाहनु स्वभाविक हो,' नाम उल्लेख गर्न नचाहने माओवादीका ती नेताले भने, 'तर, नेकपाको अन्तरद्वन्द्वका बेलासमेत ओलीलाई साथ दिएका नेम्वाङलाई समेत राष्ट्रपति स्वीकार गर्न तयार नभएकाले ओलीको नियतप्रति शंका उत्पन्न भएको हो।'

'आफूले भने बमोजिम नगर्लान् भन्ने शंका भएकैले त नेम्वाङलाई राष्ट्रपति बनाउन नचाहेका होलान्,' ती नेताले थपे, 'ओलीलाई विवेकका आधारमा चल्ने होइन, ईश्वर पोखरेलजस्ता 'रबर स्ट्याम्प' र गलत सल्लाह दिने व्यक्ति राष्ट्रपति चाहिएको रहेछ। त्यस्ता व्यक्तिलाई माओवादीले राष्ट्रपति स्वीकार गर्ने कुरै छैन।'

पटक-पटक भएका कुराकानीमा समेत राष्ट्रपति उम्मेदवारबारे सहमति जुट्न नसकेपछि प्रचण्डले ओलीलाई नै राष्ट्रपति बन्न प्रस्ताव समेत गरेका छन्। तर, प्रचण्डको यो प्रस्ताव पनि ओलीले अस्वीकार गरेका छन्।

'राष्ट्रपति ईश्वर पोखरेल नै हुनुपर्छ भन्ने, आफैं राष्ट्रपति बन्नुस् न त भन्दा त्यो पनि हुन्न भन्नुको कारण के हुन सक्छ?' माओवादीका ती उच्च नेताले भने, 'सभामुख आफ्नो अनुकूलका मान्छे छँदैछन्, राष्ट्रपति चुनावलगत्तै अहिलेको सरकार ढालेर आफैं प्रधानमन्त्री बन्न ओलीले ईश्वर पोखरेललाई राष्ट्रपति बनाउन जोड गरेका हुन् भन्ने प्रष्ट छ।'

पोखरेललाई राष्ट्रपति बनाइँदा हुने जोखिम बुझेरै प्रचण्डले ओलीलाई राष्ट्रपति बन्न प्रस्ताव गरेको बुझ्न कठिन छैन। तर, पोखरेलको सवालमा ओली टसमस नभएपछि प्रचण्ड दोस्रो विकल्पको खोजीमा लागेका छन्।

नेपालखबरबाट

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कसरी निर्वाचित हुन्छ राष्ट्रपति?



काठमाडौं- राष्ट्रपति निर्वाचनको मिति नजिकिँदै जाँदा राजनीति सरगर्मी तातिएको छ। राजनीतिक दलहरू पाँच वर्षका लागि मुलुकको तेस्रो राष्ट्रपति निर्वाचित गराउन जोडघटाउमा लागेका छन्।

पुस १० गते बालकोट बैठकमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच मुख्य पदहरू बाँडफाँट गर्ने सहमति जुटेको थियो।

त्यही सहमतिअनुसार प्रचण्ड प्रधानमन्त्री बने पनि राष्ट्रपति निर्वाचनको विषयलाई लिएर नयाँ समीकरण बन्ने सक्ने आकलनहरू भइरहेका छन्।

एमाले अध्यक्ष ओली सत्ता साझेदार दलहरूको सहयोगमा पार्टीका उम्मेदवारलाई खडा गराएर राष्ट्रपति सुनिश्चित गर्न चाहेका छन् भने प्रचण्ड राष्ट्रिय सहमतिको आधारमा चयन गर्नुपर्ने अडान लिएका छन्।

त्यस्तै प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस अरू दलहरूको सहयोगमा आफ्नो पार्टीका उम्मेदवारलाई राष्ट्रपति बनाउन चाहेको छ।

निर्वाचन आयोगले राष्ट्रपति निर्वाचनको कार्यक्रम सार्वजनिक गरिसकेको छ। आयोगले सार्वजनिक गरेको कार्यक्रमअनुसार राष्ट्रपति निर्वाचनको मिति नजिकिँदै गएपछि राजनीतिक माहोल तातिएको हो।

**यस्तो छ निर्वाचन कार्यक्रम**

निर्वाचन आयोगले फागुन १० गते राष्ट्रपति निर्वाचनका लागि मतदाता नामावली प्रकाशन गर्दैछ। भोलिपल्ट मतदाता नामावलीमा दाबी विरोध र उजुरीका लागि समय तोकिएको छ।

११ र १२ गते निवेदन तथा उजुरी उपर छानबिन गरी १२ गते अन्तिम नामावली प्रकाशित हुनेछ। १३ गते राष्ट्रपति पदका लागि मनोनयन दर्ता हुनेछ। उम्मेदवारी दर्ता गर्दा उम्मेदवारको पाँच जना प्रस्तावक र पाँच जना समर्थक हुनुपर्ने व्यवस्था छ। १३ गते नै उम्मेदवारको सूची प्रकाशन गर्ने कार्यतालिका छ।

१४ गते उम्मेदवारको विरूद्धमा उजुरी लिने, १४ र १५ गते मनोनयन र उजुरीमा छानबिन गर्ने र त्यही दिन उम्मेदवारको नामावली प्रकाशन हुनेछ।

उम्मेदवारी फिर्ताका लागि १६ गतेको समय तोकिएको छ। त्यही दिन उम्मेदवाररूको अन्तिम नामावली प्रकाशित हुनेछ।

उम्मेदवारलाई प्रचारप्रसार गर्न ९ दिनको समय दिइएको छ। र ाष्ट्रपतिको निर्वाचनमा प्रचारका लागि बढीमा १५ दिनमात्रै समय दिनुपर्ने व्यवस्था छ। यसपाली भने उम्मेदवारले ९ दिनमात्रै प्रचारप्रसार का लागि समय पाउनेछन्।

**को हुन मतदाता र कति मतभार?**

राष्ट्रपतिको निर्वाचनसम्बन्धी व्यवस्था संविधानको धारा ६२ मा गरिएको छ। यो धारामा गरिएको व्यवस्थाअनुसार राष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य र प्रदेशसभाका सदस्यहरू मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ। संघीय संसदका सदस्य र प्रदेससभाका सदस्यको मतभार संघीय कानुनअनुसार फरक हुने व्यवस्था संविधानमा छ।

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन २०७४ अनुसार मतभार निकाल्दा संघीय संसदमा रहेका कुल सदस्य संख्याले नेपालको पछिल्लो जनसंख्यालाई भाग गरेर आउने भागफललाई फेरि एक हजारले भाग गरेर आउने अन्तिम भागफल नै मतभार हो।

प्रदेसको हकमा पनि मतभार निकाल्न यही विधि अपनाइन्छ। सबै प्रदेसमा भएका कुल सदस्यहरूको संख्याले जनसंख्यालाई भाग गरेर आउने भागफललाई फेरि एक हजारले भाग गरेर आउने अन्तिम भागफल मतभार हुन्छ।

यस्तो मतभार निकाल्न पाँच वर्षअघिको राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा २०६८ सालको जनगणनालाई आधार मानिएको थियो।

२०७८ सालको जनगणना सार्वजनिक भइ नसकेकोले यसपालि पनि त्यसैलााई आधार मानेर मतभार निकाल्ने सम्भावना रहेको निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले बताए।

'नयाँ जनगनणाको अन्तिम नतिजा आउने सम्भावना कमै देखिन्छ। नयाँ नतिजा आउन नसकेपछि यसपालि पनि २०६८ सालकै जनगणनालाई आधार मानेर मतभार निकाल्नुपर्ने देखिन्छ,' आयोमेलसँग उनले भने।

अहिले प्रतिनिधिसभामा कुल २७५ र राष्ट्रियसभामा कुल ५९ सदस्यगरी संघीय संसदमा जम्मा ३३४ सदस्य छन्।

यो संख्याले पछिल्लो जनगणनाअनुसार नेपालको कुल जनसंख्यालाई भाग गरिन्छ।

त्यसरी आएको भागफललाई फेरि १ हजारले भाग गर्दा आउने भागफल नै संघीय संसदतर्फका एक सदस्यले मत हाल्दा प्राप्त हुने मतभार हुन जान्छ। प्रदेससभामा पनि यही विधि अपनाइन्छ।

२०६८ सालको जनगणनाअनुसार गरिएको त्यस्तो गणनाका आधार मा अहिले संघीय संसदका सदस्यको मतभार ७९ रहेको छ।

त्यस्तै सातवटा प्रदेससभामा गरी कुल ५५० सदस्य छन्। २०६८ को जनगणाअनुसार गरिएको गणनाका आधारमा अहिले प्रदेससभा सदस्यको मतभार ४८ रहेको छ।

**निर्वाचित हुन कति मत चाहिन्छ?**

संविधानअनुसार संघीय र प्रदेससभातर्फका तत्काल कायम रहेका कुल सदस्य सदस्य संख्याको बहुमत अर्थात ५० प्रतिशतभन्दा बढी मत ल्याउने व्यक्ति राष्ट्रपतिमा निर्वाचित हुनेछ।

यदि पहिलो निर्वाचनमा कसैले ५० प्रतिशत मत नल्याए सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारबीच पुनः प्रतिस्पर्धा हुन्छ र बहुमत ल्याउने व्यक्ति राष्ट्रपतिमा निर्वाचित हुन्छन्।

दोस्रो निर्वाचनमा पनि ५० प्रतिशत मत कसैले ल्याउन नसकेमा पुनः मतदान हुनेछ र त्यसमा कुल सदर मतको सबैभन्दा बढी मत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति हुनेछ।

'पहिलो चरणमा कसैले पनि ५० प्रतिशत मत कटाउन नसकेको अवस्थामा पहिलो र दोस्रोलाई मात्र राखिन्छ। दुई जनामात्र हुँदा ५० प्रतिशत कटाउने सम्भावना हुन्छ,' सहायक प्रवक्ता अर्याल भन्छन्,'यसरी पनि ५० प्रतिशत मत कटाउन नसके सदर मतको बढी मत ल्याउने उम्मेदवारलाई राष्ट्रपतिमा निर्वाचित गरिन्छ।'

कुल मतभारको ५० प्रतिशत जोड एक मत ल्याउन नसक्ने अवस्थासमेत हुनसक्ने भएकाले तेस्रोपटकको व्यवस्था गरिएको उनले बताए।

**कुन दलको कति मतभार?**

छुट्टाछुट्टै दलको हिसाबले हेर्दा संघीय संसद र प्रदेससभा गरी सबैभन्दा बढी मत भार कांग्रेसको छ। कांग्रेसभन्दा केही कम मातभार सहित एमाले दोस्रो र माओवादी केन्द्र तेस्रोमा छ।

राष्ट्रियसभामा १० र प्रतिनिधिसभामा कांग्रेसका ८९ सांसद छन्। प्रतिसांसद ७९ को हिसाबले संघीय संसदमा कांग्रेसको ७ हजार ८२१ मतभार हुन्छ। प्रदेससभातर्फ कांग्रेसका १७५ सांसद छन्। प्रदेससभाको प्रतिसांसदको ४८ को हिसाबले ८ हजार ४ सय मतभार हुन्छ।

संघ र प्रदेस दुवैतर्फ जोड्दा कांग्रेसको कुल मतभार १६ हजार २२१ पुग्छ।

यस्तै एमालेको प्रतिनिधिसभातर्फ ७८ र राष्ट्रियसभामा १७ सांसद छन्। संघीय संसदतर्फ एमालेको मतभार ७ हजार ५०५ हुन्छ। प्रदेससभातर्फ १६२ जितेको एमालेको मतभार ७ हजार ७७६ छ।

दुवै जोड्दा एमालेको कुल मतभार १५ हजार २८१ रहेको छ।

प्रतिनिधिसभामा ३२ सिट रहेको माओवादी केन्द्रको राष्ट्रियसभामा १६ सांसद छन्। प्रदेससभातर्फ उसले ८२ सिट जितेको छ। माओवादी केन्द्रको संघमा ३ हजार ७९२ र प्रदेससभातर्फ ३ हजार ९३६ मतभार पुग्छ। दुवै जोड्दा माओवादीको कुल मतभार ७ हजार ७२८ हुन आउँछ।

यस्तै तीनवटै सभाको कुल मतभार जोड्दा नेकपा(एकीकृत समाजवादी) को २ हजार ४७८ र जसपाको २ हजार ९७ मतभार छ।राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभामा २० सिट जितेको थियो। सभापति रवि लामिछाने पदमुक्त भएका कारण यो दलसँग अब १९ सिटमात्रै छ। रास्वपाको मतभार १ हजार ५०१ हुन्छ।

प्रदेससभा र प्रतिनिधिसभा गरी जनमत पार्टीको १ हजार २४२, लोसपाको ८२७, नागरिक उन्मुक्ति पार्टीको ७६५, नेपाल मजदुर किसान पार्टीको २२३, राष्ट्रिय जनमोर्चाको १५८, हाम्रो नेपाल पार्टीको ९६ र स्वतन्त्र मतभार १ हजार २८७ छ।

**के चाहिन्छ योग्यता?**

संविधानको धारा ६४ मा र ाष्ट्रपतिको योग्यतासम्बन्धी व्यवस्था छ।

यो धाराअनुसार संघीय संसदको सदस्य हुन योग्य व्यक्ति राष्ट्रपति हुनसक्छ।

राष्ट्रपति हुनका लागि ४५ वर्ष उमेर पूरा भएको नेपाली नागरिक हुनुपर्छ।

कुनै कानुनले अयोग्य ठहर नगरेका व्यक्तिमात्र नेपालको राष्ट्रपति हुनसक्छ।

यद्यपि योग्यता पुगे पनि नेपालको संविधानअनुसार दुईपटक राष्ट्रपति भइसकेको व्यक्ति तेस्रोपटक राष्ट्रपतिको उम्मेदवार बन्न पाउँदैनन्।

संविधानको धारा ७० ले राष्ट्रपति र उपराष्ट्र फरकफरक लिङ्ग वा समुदायको हुने व्यवस्था गरेको छ। यसअनुसार महिला राष्ट्रपति भए उपराष्ट्रपति पुरुष वा पुरुष राष्ट्रपति भए महिला उपराष्ट्रपति हुनुपर्छ।

समुदायको हकमा नेपालको जातीय समुदायअनुसार फरकफरक समूहको हुनुपर्छ।

त्यस्ता समुदायलाई राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनसम्बन्धी कानुनले समुदायका रूपमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू वा मुस्लिम समुदाय रहेको व्याख्या गरेको छ।

राष्ट्रपतिमा निर्वाचित हुन वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति हुनुपर्ने व्यवस्था संविधानको धारा २८९ ले गरेको छ।

यस्तै राष्ट्रपति हुनका लागि कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा समावेश भएको र कुनै लाभको पदमा नरहेको हुनुपर्ने व्यवस्था पनि छ।

लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पुर्ति गरिने र ाजनीतिक पदबाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने पदलाई भनिएको छ।

*आयोमेलबाट*


## शितलहरबाट बचौ र बचाऔ

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

➢समयमै न्यानो कपडाको जोहो गरौ ।
➢चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नविताऔ ।
➢घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
➢घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
➢चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
➢छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
➢चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने वानीको विकास गरौ ।
➢तातो पानी पिईरहौ ।

**औरही नगरपालिका, महोत्तरी**

## जनकपुरधामको शहिदचोकस्थित दुईवटा पसलमा भीषण आगलागी



**जनकपुरधाम-** जनकपुरधामको शहिदचोकस्थित दुईवटा पसलमा भीषण आगलागी भएको छ ।

जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१ शहिदचोकस्थित जानकी ग्लास र सिटि प्लाई एण्ड हार्डवेयर पसलमा भीषण आगलागी भएको हो ।

स्थानीय बिमल साह र दिपक साहले आफ्नो एकतले घरमा सञ्चालन गरेको पसलमा अचानक विद्युत सर्ट भएर शुक्रबार राति करिब १२ बजेर ३५ मिनेटको समयमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेद प्रकाश गौतमले जानकारी दिए ।

आगलागीबाट पसलमा भएका सम्पूर्ण सामानहरु जलेर नष्ट हुँदा करिब १ करोड बराबरको क्षति भएको पीडित पक्षले बताएको छ ।

घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

## दुई दशकदेखि निःशुल्क पढाउँदै निरज

**यादवराज पुरी**

**फागुन ६ गते, रौतहट**

शिक्षण सिकाइलाई सेवाको रूपमा भन्दा पेसाको रूपमा बढी हेरिने गरिन्छ अचेल। विद्यालयमा दिने शिक्षा होस् वा 'ट्युसन' कक्षा, शिक्षा प्रदान गरेबापत पारिश्रमिक लिने गर्छन् शिक्षक।

रौतहटको सदरमुकाम गौरमा भने दुई दशकभन्दा बढी समयदेखि निःशुल्क शिक्षा प्रदान गरी उदाहरणीय शिक्षक बन्नुभएको छ, विपन्न परिवारका एक व्यक्ति। उहाँले विद्यालय जानबाट वञ्चित वा विद्यालय बीचैमा छाडेका, आमा, बाबु वा दुवै अभिभावक नभएका, निर्धन तथा दलित समुदायका बालबालिका खोजी गरेर उनीहरूलाई २३ वर्षदेखि निःशुल्क शिक्षा प्रदान गर्दै आउनुभएको छ। गौर नगरपालिका-१ का नीरज साह कमजोर आर्थिक अवस्थाका बीच पनि बालबालिकालाई शिक्षाप्रति



आकर्षण गराउन आवश्यक कापी, कलम र किताबसमेत किनिदिनुहुन्छ। हाल उहाँ गौर नगर पालिका-५ मा रहेको बालमन्दिर विद्यालयमा प्राथमिक तहका राहत शिक्षक हुनुहुन्छ। बिहानको समयमा उहाँले निःशुल्क शिक्षा प्रदान गरि रहनुभएको छ।

२०५५ सालमा एसएलसी गर्नुभएका उहाँले पढाइलाई निरन्तरता दिन बस धुने काम गर्नुभयो। उहाँ भन्नुहुन्छ, तीन दाजुभाइमा म जेठो छोरा हुँ। घरको बोझ मेरै काँधमा थियो। आफ्नो र भाइहरूको पढाइका लागि एउटा बस धोएबापत ५० रुपियाँ पाउँथे। दैनिक चार/पाँचवटा बस धुन्थैं र सफा गर्थें। आमाबुवा चिया बेच्नुहुन्थ्यो। आर्थिक र सामाजिक रूपमा पछि परेका बालबालिकालाई शिक्षा प्रदान गर्ने उद्देश्य लिई एसएलसीपछि मैले गाउँघर चहारी असहाय, गरिब तथा दलित परिवारका अभिभावकलाई मनाएर बालबालिका पढाउन सुरु गरेँ।

प्रारम्भिक चरणमा ठूलो चुनौती खेप्नु परेको र अभिभावकलाई कुरा बुझाउन निकै मेहनत गर्नु परेको उहाँले बताउनुभयो। उहाँले दलित अभिभावक भेला गराई शिक्षाको अधिकारबाट बालबालिकालाई वञ्चित गराउनु हुन्न भन्दै पढाउन प्रोत्साहित गर्नुभयो। अहिलेसम्म उहाँले आठ हजारभन्दा बढी बालबालिकालाई शिक्षा दिनुभएको अभिलेख छ।

उहाँ रौतहटको बहुचर्चित र ऐतिहासिक स्थान गौर राइस मिलको भग्नावशेष भवनको बर न्डामा पढाउनुहुन्छ। बालबालिका बस्नका लागि घरबाटै बोरा बोकेर आउँछन्। यस्तो अवस्था थाहा पाएपछि पछिल्लो पटक रौतहट क्रिकेट सङ्घले एउटा त्रिपाल र दियालो क्लब गौरले शैक्षिक सामग्री सहयोग गरेको शिक्षक साह बताउनुहुन्छ।

हाल उहाँसँग अक्षर चिन्ने र सिक्ने उमेर समूहका देखि ८ कक्षासम्मका १५० जना बालबालिका अध्ययन गर्छन्। उहाँ ती बालबालिकालाई पायक पर्ने विद्यालयमा भर्ना गराई अध्यापन गराउनुहुन्छ। उहाँसँग पढ्न गौर, राजदेवी र राजपुर नगरपालिकाका बालबालिका आउने गरेका छन्।

गौर नगरपालिका-८, ढाँगरबस्तीकै एक अभिभावक कन्हैया ढाँगरले शिक्षक साहप्रति सम्मान व्यक्त गर्दै भन्नुभयो, उहाँको निःस्वार्थ र विभेदरहित व्यवहारले ढाँगर बस्तीका सबै दलित नागरिकले अआआफ्ना नानीबाबुलाई पढ्न पठाएका छन्। उहाँसँग पढ्न पाउँदा हाम्रा बालबालिका खुसी भएका छन्।

हामी पनि खुसी छौँ। गौर नगर पालिकाका प्रमुख शम्भु साहले शिक्षक साहको निःस्वार्थ सेवामूलक कामप्रति नगरपालिकाको ध्यानाकर्षण भएको बताउँदै उहाँसँग अध्ययन गर्ने बालबालिकाको भौतिक तथा शैक्षिक व्यवस्थापनमा विशेष चासो राख्ने प्रतिबद्धता जनाउनुभयो।






## शितलहरबाट बचौ र बचाऔ

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

- समयमै न्यानो कपडाको जोहो गरौ ।
- चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नविताऔ ।
- घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
- घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
- चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
- छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
- चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने वानीको विकास गरौ ।
- तातो पानी पिईरहौ ।

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा**

## बसपार्कमा लुटपाट गर्ने ४० जनामाथि अनुसन्धान सुरू



**खबर दर्पण समाचारदाता**

**फागुन ६ गते, काठमाडौं**

घटनामा संलग्न छन् - अधिकांश व्यक्ति चालक, सहचालक, विद्यार्थी र विभिन्न होटल तथा रेष्टुराँका कामदार

यही फागुन १ गते नयाँ बसपार्कस्थित लोत्से मलमा तोडफोड गरी लुटपाट गर्ने तथा प्रहरीको सवारी साधन आगजानीमा संलग्न ४० जनालाई प्रहरीले पक्राउ गरेको छ ।

यातायात मजदुरका नाममा प्रहरीका दुईवटा भ्यानमा आगो लगाउने, लोत्से मल तोडफोड गर्ने तथा मोबाइल लुटपाटमा संलग्न भएको आरोपमा उनीहरुलाई प्रहरीले शुक्रबार साँझ पक्राउ गरेको थियो । आन्दोलनकारीले लोत्से मलमा अर्जुन चालिसेले सञ्चालन गरेको एसिडिसी मोबाइल प्रालि, न्यौपानेले सञ्चालन गरेको काठमाडौं सुपर मार्केट प्रालिमा तोडफोड गरी मोबाइल, चार्जर, रिचार्ज, एयरफोनलगायत सामग्री लुटपाट गरेका थिए ।

उनीहरुले प्रहरी वृत्त बालाजुको बा२भ्फ १४४ नंको स्कार्पियो र बा १ झ ७२२४ नंको गाडी समेत जलाउनुका साथै बालाजु र माछापोखरी चोकको ट्राफिक आयल्यान्डमा क्षति पुर्याएको प्रहरीको आरोप छ । आन्दोलनका क्रममा बालाजु चोकको अस्थायी प्रहरी पोष्टमा समेत आगो लगाइएको थियो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक सीताराम रिजालले आगजानी र तोडफोडमा संलग्न २९ र मोबाइल लुटपाटमा संलग्न ११ जनालाई पक्राउ गरी अनुसन्धान थालिएको जानकारी नेपाल यातायात मजदुर सङ्घ, अखिल नेपाल यातायात मजदुर सङ्घ, नेपाल यातायात स्वतन्त्र मजदुर सङ्ठनलगायतको नेतृत्वमा भएको आन्दोलनले उग्र रुप लिँदा उक्त घटना भएको थियो । घटनामा अधिकांश व्यक्ति चालक, सहचालक, विद्यार्थी र विभिन्न होटल तथा रेष्टुराँका कामदार छन् ।लुटपाटमा संलग्नलाई मुलुकी अपराधसंहिता (ऐन), २०७४ परिच्छेद २० चोरी तथा डाँकासम्बन्धी कसुरमा काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गर्नाका साथै आगजानी तथा तोडफोड गर्नेलाई मुलुकी अपराधसंहिता (ऐन) को परिच्छेद २६ को दफा दुई सय ८५ बमोजिम आपराधिक उपद्रव गर्न नहुने कसुरमा अनुसन्धान भइरहेको प्रवक्ता रिजालको भनाइ छ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कम्प्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा